आज मिति २०७९ साल श्रावण १५ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को पहिलो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रसतावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | रनविर वुढा | प्रशासन अधिकृत (छैठौं) | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

प्रमुख प्रशासकीय अधिकृत

## पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) बार्षिक समिक्षा सम्बन्धमा ।

२) आ.व. २०७९/०८० को योजना सञ्चालन सम्बन्धमा ।

३) सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

४) नागरिक सहायता कक्ष सञ्चालन सम्बन्धमा ।

५) जंकफूड र प्लाष्टिक माला तथा खादा प्रयोगमा प्रतिवन्द लगाउने सम्बन्धमा ।

६) जग्गा वर्गिकरण सम्बन्धमा ।

७) करार कर्मचारी दरखास्त आह्वान सम्बन्धमा ।

८) कर्मचारी सरुवा सम्बन्धमा ।

९) कार्यविधि, मापदण्ड स्वीकृत सम्बन्धमा ।

१०) समितिमा पदाधिकारी तोक्ने सम्बन्धमा ।

११) सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापन सम्बन्धमा ।

१२) १५ शैया अस्पताल निर्माण सम्बन्धमा ।

१३) कार्यसम्पादन करार सम्बन्धमा ।

१४) कर्मचारीहरुको कार्यविवरण सम्बन्धमा ।

१५) आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा सम्बन्धमा ।

१६) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।

१७) सार्वजनिक सुनुवाई सम्बन्धमा ।

१८) विविध छलफल सम्बन्धमा ।

## २०७९ श्रावण १५ गते बसेको पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | बार्षिक समिक्षा सम्बन्धमा । | गत आ.व.मा सञ्चालित योजना तथा कार्यक्रमहरुको समिक्षा गर्न आवश्यक भएको । | गत आ.व. २०७८/०७९ मा गाउँपालिका तथा वडाहरुबाट सञ्चालित कार्यक्रम तथा आयोजनाहरुको समिक्षा कार्यक्रम सम्पन्न गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | आ.व. २०७९/०८० को योजना सञ्चालन सम्बन्धमा । | चालु आ.व. २०७९/०८० मा सञ्चालन हुने योजनाहरुको निर्माण कार्यको लागि समायावधिको निर्धारण गर्न आवश्यक भएको । | चालु आ.व.मा सञ्चालन हुने स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्नका लागि खरिद योजना भाद्र मसान्तसम्म गर्ने र क्रार्यान्वयन प्रकृया असोज पहिलो सातावाट अगाडि बढाउने । | "प्रेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा । | सामाजिक सुरक्षा भत्ता सबै वडाहरुबाट वितरण गर्न आवश्यक रहेको । | सामाजिक सुरक्षा बापत जेष्ठ नागरिक, एकल महिला तथा बालबालिकाहरुले प्राप्त गर्ने भत्ता छिटो, छरितो र सहज बनाउन सवै वडाबाट वितरण गर्न ग्लोवल आइ.एम.ई.- बैक सुलिचौर शाखासँगको समन्वय, वडा सचिव तथा वडाका पदाधिकारीहरुको रोहवरमा सवै वडाका टोल, बस्तीहरुमा पुगि वितरण गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | नागरिक सहायता कक्ष सञ्चालन सम्बन्धमा । | नागरिकलाई छिटो, छरितो र सहज ढंगबाट सेवा दिनका लागि गाउँपालिकामा नागरिक सहायता कक्ष सञ्चालन गर्न आवश्यक रहेको । | गाउँपालिमा सेवा लिन आउने सेवाग्राहीहरुको काम छिटो, छरितो र सहज ढंगबाट सम्पन्न गर्नका लागि तत्काल नागरिक सहायता कक्ष सञ्चालन गर्ने र उक्त सहायता कक्षबाट सेवाग्राहीलाई सेवा लिदा आवश्यक पर्ने निवेदन, फोटोकपी लगाएतका सेवाहरुलाई नि:शूल्क गर्ने र उक्त कक्षमा आवश्यक जनशक्तिको व्यवस्था गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | जंकफूड र प्लाष्टिक माला तथा खादा प्रयोगमा प्रतिवन्द लगाउने सम्बन्धमा । | जंकफूड र प्लाष्टिक माला तथा खादामा प्रयोगमा प्रतिवन्द लगाउन आबश्यक देखिएको । | गाउँपालिका तथा मातहतका कार्यालयहरुमा प्रयोग हुदै आएका जंकफूड र प्लाष्टिक माला तथा खादालाई पूर्णरुपमा बन्देज गर्ने जंकफूड तथा प्लाष्टिक माला तथा खादाको साटो स्थानीय स्तरमा उत्पादन वस्तुहरुलाई प्रोत्साहन गरि प्रयोगमा ल्याउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | जग्गा वर्गिकरण सम्बन्धमा । | गाउँपालिका भित्र रहेका सम्पूर्ण जग्गाहरुको वर्गिकरण गर्न आवश्यक रहेको । | भूमिसुधार ऐन, अनुसार स्थानीय स्तरको जग्गा वर्गिकरण समितिको अविलम्व गठन गरी जग्गा वर्गिकरण प्रकृया अगाडी बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | करार कर्मचारी दरखास्त आह्वान सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने जनशक्तिहरु करारमा लिन आवश्यक रहेको । | गाउँपालिका तथा मातहातका कार्यालयहरुमा रिक्त रहेको पदहरुमा दरखास्त आह्वान गरि पदपूर्ती गर्न कार्यालयलाई जिम्मा दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ८ | कर्मचारी सरुवा सम्बन्धमा । | कर्मचारीहरुलाई सरुवा गर्न आवश्यक रहेको । | गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार सरुवा गर्न गाउँपालिका कार्यालयलाई जिम्मा दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | कार्यविधि, मापदण्ड स्वीकृत सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधि र मापदण्ड तयार भई आएको हुदाँ पारित गर्नुपर्ने । | गाउँपालिकालाई आवश्यक पर्ने "बस्तीबस्ती अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९", "बालविकास शिक्षक तथा विद्यालय सहयोगी व्यवस्थापन कार्यविधि, २०७९", "सवारी साधन प्रयोग तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०७९" र "सुनिलस्मृति गाउँपालिकाद्धारा सञ्चालन हुने सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला बैठक सञ्चालन तथा सञ्चार र इन्धन खर्चको मापदण्ड (Norms), २०७७ को (पहिलो संशोधन)" लाई पारित गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १० | समितिमा पदाधिकारी तोक्ने सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न समितिहरु गठन तथा पदाधिकारीहरु तोक्न आवश्यक रहेको । | गाउँपालिकालाई आवश्यक पर्ने तपशिल बमोजिमका समितिहरु गठन गरी देहाय बमोजिमका पदाधिकारीहरु तोक्ने ।<br><u>तपशिल</u><br>क) अनुगमन तथा सुपरिवेक्षण समिति<br>१) मिना थापा संयोजक<br>२) अनिता थापा सदस्य<br>३) तुल्सी सुनार सुनार<br>४) दिनेश पौडेल सदस्य<br>५) रनविर वुढा सदस्य सचिव<br>ख) अपाङ्ग समन्वय समिति<br>१) रितादेवी थापा सदस्य<br>ग) स्थानीय बालअधिकार समिति<br>१) नेमलाल दमाई सदस्य<br>२) इन्द्रा रोका सदस्य<br>३) निर्मला पुनमगर सदस्य<br>घ) लैङ्गिक हिंसा निवारण कोष उद्धार तथा राहत समिति ।<br>१) अनिता थापा सदस्य | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ११ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापन सम्बन्धमा । | सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना गर्न आवश्यक रहेको । | वडा नं. १ थुम्पाकी स्वास्थ्य संस्थाबाट टाढा रहेको र भौतिक संरचना समेत निर्माण भएको हुदाँ उक्त स्थानमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना गरि सेवा सुचारु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १२ | १५ शैया अस्पताल निर्माण सम्बन्धमा । | यस गाउँपालिकामा गाउँपालिका स्तरीय १५ शैया अस्पताल निर्माण गर्नुपर्ने । | गाउँपालिका स्तरीय १५ शैया अस्पताल निर्माणका लागि जग्गा छनौटका गर्न तपशिल बमोजिमका ७ सदस्यीय कार्यदल गठन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।<br>तपशिल<br>१) भौतिक पूर्वाधार संयोजक<br>२) विपत् व्यवस्थापन सदस्य<br>३) सामाजिक विकास सदस्य<br>४) रितादेवी थापा सदस्य<br>५) निर्मला पुनमगर सदस्य<br>६) अर्जुन श्रेष्ठ सदस्य<br>७) रनविर वुढा सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १३ | कार्यसम्पादन करार सम्बन्धमा । | कार्य सम्पादन करार संझौता गर्न आवश्कय भएको । | प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्ष वीच, शाखा प्रमुख/वडा सचिवहरु र प्रमुख प्रशासकीय अधिकृत वीच तथा शाखा प्रमुख/वडा सचिवहरु र सहायक वीचमा श्रावण मसान्त भित्र कार्यसम्पादन करार संझौता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १४ | कर्मचारीहरुको कार्यविवरण सम्बन्धमा । | सवै कर्मचारीहरुको कार्यविवरण तयार गरी लागु गर्ने आवश्यक भएको । | गाउँपालिका तथा मातहतका सवै कर्मचारीहरुको कार्य विवरण श्रावण मसान्तसम्म तयार गरी लागु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १५ | आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा सम्बन्धमा । | आन्तरिक नियन्त्रण प्रणाली तर्जमा गर्नुपर्ने । | स्थानीय तह सस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७४ अनुसारको यस गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा प्रकृया अघि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १६ | कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा । | कार्यसम्पादन मूल्याङ्कन गर्न आवश्यक रहेको । | प्रत्येक चौमासकि अवधिको अन्त्यमा र सो अवधिमा उत्कृष्ट कार्य सम्पादन हासिल गर्ने शाखा/वडाको कर्मचारीलाई पुरस्कृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १७ | सार्वजनिक सुनुवाई सम्बन्धमा । | गाउँपालिकाबाट भए गरेका कार्यक्रमहरु जानकारीका गराउन सार्वजनिक सुनुवाई गर्नुपर्ने । | बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम भाद्र ४ गते सबै सरोकारवालाहरुको उपस्थितिमा सुलिचौरमा गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १८ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) जनप्रतिनिधि पोशाक सम्बन्धमा ।<br>ख) बाल विकास शिक्षक तथा कर्मचारीको तलव भत्ता सम्बन्धमा । | क) गाउँपालिका सम्पूर्ण जनप्रतिनिधिहरुको पोषाकमा एकरुपता ल्याउनका लागि आवश्यक रकमको व्यवस्था गर्ने ।<br>ख) बाल विकास शिक्षक कर्मचारीहरुको तलव नेपाल सरकारको मापदण्ड अनुसार तलवमान कायम गर्ने यस आ.व.मा बजेट अपुग भै भुक्तानी हुन बाँकी रकमलाई आगामी आ.व.मा एकमुष्ट भुक्तानी गर्ने व्यवस्था मिलाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br><br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

[illegible] बुढाथोकी
संयोजक